## मिति २०८०/०८/१४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १**

यस उप महानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० ठेक्का नं. NSMC/NCB/W01/2079/080 RCC Drain and Road Construction Work at Ward 04 and 19 को कार्य अन्तर्गत यस आर्थिक बर्षमा क्रमागत योजनाको रुपमा रहेको र मिति २०८०/०८/३० सम्म म्याद थप पनि भैसकेको उक्त योजनामा बस पार्क देखि सुर्जे गाउँ सडक खण्डमा पर्ने दुई वटा घर को कारण साइट clear हुन नसकेको र उक्त खण्डमा नाला बन्न नसकेको र अन्य सम्पूर्ण निर्माण कार्य पनि सम्पन्न भैसकेकोले निर्माण व्यवसायी पार्वती अरविन्द जेवी लाई सम्पन्न भएको कामको प्राबिधिक मुल्यांकन अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

यस आर्थिक बर्ष २०८०/०८१ को नगरस्तरीय कार्यक्रम मेट्रिक हाउस नम्बरिग प्रणाली प्लेट जडान सहित वडा नं. ०१ कार्यक्रममा बजेट बिनियोजन भएकोमा GIZ बाट प्राप्त Software का लागि Data Collection गर्न र स्थायी प्लेट जडान गर्न रकम प्रयाप्त नहुने भएको हुँदा पहिलो चरणमा सर्भेको काम र अस्थाई घर नं. जडान गर्नका लागि हाललाई वडा नं.०१ को सम्पूर्ण विवरण software मा update गर्ने गरि कार्यान्वयन प्रक्रिया अगाडी बढाउन आवश्यक रहेको ।

**निर्णय नं. ३**

बागेश्वरी मन्दिरको पूर्व दक्षिण तर्फ रहेको किता नं. २ मा गत आ.व.मा भोजनालय बनाउने उद्देश्य सहित ठेक्का भइ कार्यान्वयनका क्रममा जग्गाको बिवाद भई केही काम भए पश्चात ठेक्का रद्द भएको र हाल सम्माननीय अदालतबाट उक्त जग्गा संरक्षण गर्नु भन्ने आदेश भएको हुँदा पहिले ठेक्कामा निर्माण भएका पिल्लर हरुको लागि फलामे छड बुनी जग ढलान समेत गरिसकेको माथि हुने गरी वागेश्वरी भक्तजनहरु र पैदलयात्रु आदिका लागी शार्वजनिक शौचालयको निर्माण चालु आ.व. २०८०/०८१ मा बिनियोजन भएको नगरपालिकामा रहेका सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत तथा स्तरोउन्नति कार्यक्रम शिर्षकबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नेपालगञ्ज उप-महानगरपालिकाको युवा क्लब गठन तथा परिचालन कार्यविधि, २०८०, नेपालगञ्ज उप-महानगरपालिकाको संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०८० र नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता सम्बन्धि नीति, २०८० आवश्यक छलफल पछि आगामी कार्यपालिका बैठक बाट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रशान्त बिष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## मिति २०८०/०८/१४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ५**

नेपालगञ्ज उप-महानगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धि नगरपालिकाका कर्मचारी तथा जनप्रतिनिधिहरुको अवलोकन भ्रमण धरान उप-महानगरपालिका सुनसरीमा गर्ने र सोको खर्च आ.व. २०८०/०८१ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपालगञ्ज उप-महानगरपालिकाको सेवा प्रवाह गर्दा पालना गर्नुपर्ने मापदण्ड, २०८० आवश्यक छलफलका लागि विधेयक समितिमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नेपालगंज उप-महानगरपालिका अन्तर्गत वडा नं. २० को वडा समितिको मिति २०८०/०७/१५ गतेको निर्णय तथा कार्यालयको प.सं. २०८०/८१ च.नं. १०२२ मिति २०८०/०८/१० को पत्रानुसार तपसिल बमोजिमको क्षेत्रलाई शहरी तथा ग्रामीण क्षेत्रको रुपमा वर्गिकरण गर्ने निर्णय गरियो ।

तपसिल

१. शहरी क्षेत्र :- एयरपोर्ट इलाकाको सम्पूर्ण भूमी क्षेत्र सुर्खेतरोड देखि दायाँ बायाँ २००/२०० मि. को क्षेत्र मनकामना ग्याँस जाने बाटोको दायाँ बायाँ र वडा कार्यालय जाने बाटोको दायाँ बायाँ पर्ने १००/१०० मि. सम्मको क्षेत्र ।

२. ग्रामीण क्षेत्र :- शहरी क्षेत्रमा उल्लेख भएका क्षेत्र बाहेकका वडा भित्रका अन्य सम्पूर्ण क्षेत्र ।

**निर्णय नं. ८**

नेपालगञ्ज उप-महानगरपालिकामा रहेका भुमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी पूर्जा वितरण गर्ने प्रयोजनका लागि आवश्यक प्रक्रिया हाललाई वडा नं. २० बाट सुरुवात गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

नेपालगन्ज उप-महानगरपालिकाको वडा नं.०४ स्थित नयाँ बसपार्कमा बसपार्क प्रवेश एवं विश्राम शूल्क र नगरवस संचालन सम्बन्धि कार्य गर्नको लागि नेपालगन्ज उप-महानगरपालिका नगरकार्यपालिकाको कार्यालय,नेपालगन्ज र शिवशक्ति जनरल एण्ड अर्डर सप्लायर्स बीच सम्झौता भई कार्य भैरहेकोमा उक्त सप्लायर्सले सम्झौताका शर्त अनुसारको कार्य र समन्वय उप-महानगरपालिकाले नगरेको कारण कम्पनीलाई क्षति हुन गएकोले करारको यथावत परिपालना, हरहिसाब तथा क्षतिपूर्तिको लागि श्री बाँके जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा अदालतले दुबै पक्षबीच छलफल गरि मेलमिलापको माध्यमबाट विवादको समाधान हुंदा उपयुक्त देखिएकोले प्रस्तुत मुद्दा छलफलको लागि मेलमिलाप केन्द्रमा पठाएकोले उक्त मुद्दाको छलफलको लागि यस उप-महानगरपालिकाको

प्रशान्त बिष्ट
नगरप्रमुख
नेपालगंज उप महानगरपालिका

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

तर्फबाट मेलमिलापकर्ताको रुपमा प्रतिनिधित्व गर्ने वडा नं.२० का वडा अध्यक्ष श्री कौशल कुमार धोबीलाई प्रतिनिधि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

नेपालगन्ज उप-महानगरपालिकाको वडा नं.२२ का जगदिश प्रसाद कादुले घरनक्शा प्रमाणितको लागि मिति २०७९/११/१० मा रु.२३,९१६/-(अक्षेरुपी तेईस हजार नौ सय सोह्र मात्र) राजस्व बुझाएकोमा सो कार्य नभएकोले सो रकम फिर्ता पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेकोमा निजको घर हुलाकी राजमार्गको बाटोमा सेट ब्याक भित्र परेकोले यस कार्यालयको आ.व.०७४/०७५ को प्रथम नगरसभाको निर्णय नं.२७ को बुँदा नं.६ अनुसार नक्शा प्रमाणपत्र दिन नमिल्ने भनि भवन अनुमति तथा मापदण्ड कार्यान्वयन शाखाले समेत राय दिएकोले निजले बुझाएको उक्त रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

नेपालगन्ज उप-महानगरपालिका क्षेत्रभित्र निर्माण हुने जुनसुकै घरको राजस्व निर्धारण गर्दा यस कार्यालयबाट अनिवार्य रुपमा स्थलगत सर्जमिन भएपछिमात्र निर्धारण गर्ने र सो राजस्व सोही समयमा नै बुझ्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

नेपालगञ्ज उप-महानगरपालिकाबाट जारी गरिएको ई-रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि,२०७८ को परिच्छेद-२ दफा ९ मा सवारी चालक अनुमति-पत्र भन्ने उल्लेख भएकोमा सो लाई संशोधन गरि ई-रिक्सा चालक परिचयपत्र भन्ने उल्लेख गर्ने र सो दफासँग सम्बन्धित उपदफाहरु तथा कार्यविधिको जुनसुकै बुँदाहरुमा उल्लेख भएको अस्थायी चालक अनुमति-पत्र भन्ने शब्दलाई संशोधन गरि ई-रिक्सा चालक परिचयपत्र भन्ने उल्लेख गरि कार्यविधिमा संशोधन गर्ने साथै ई-रिक्सा चालक परिचयपत्र अथवा यातायात व्यवस्था कार्यालयले ई-रिक्सा चलाउनको लागि जारी गरेको चालक अनुमतिपत्र (लाइसेन्स) नभएको चालकलाई पटकैपिच्छे रु.१०००।-(अक्षेरुपी एक हजार मात्र) जरिवाना गर्ने र सो कुरा कार्यविधिको अनुसूचि-३ को ई-रिक्सा सञ्चालन सम्बन्धि दस्तुर तथा जरिवाना खण्डमा उल्लेख गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

नेपालगञ्ज उप-महानगरपालिकाको मदरसा संचालन कार्यविधिको मस्यौदा तयार गरि विधेयक समितिमा पेश गर्नका लागि शिक्षा समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

क्रमशः

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८०/०८/१४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :**

**निर्णय नं. १४**

यस नेपालगञ्ज उप-महानगरपालिकामा आ.व. २०८०/०८१ का लागि सूचीकृत वेरोजगारहरु क्र.सं. १(एक) मो फरिद अन्सारी अन्सारी देखि क्र.सं. ४११(चार सय एघार) प्यारे लाल कोरी समेत जम्मा ४११ जना (चार सय एघार) जनाको सूची सूचीकृत वेरोजगारहरुको रुपमा स्वीकृति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

आ.व. २०७९/०८० को सडक बोर्ड नेपाल र नेपालगञ्ज उप-महानगरपालिकाको संयुक्त लगानीमा निर्माण भईरहेको ट्राफिक चोक देखि चारबाहिनी सडक मर्मत योजना (NSMC/NCB/W10/20) को कार्य सम्पन्न भई विल प्राप्त भएको र सडक वोर्डबाट वजेट निकासा नभएकोले हाल नगरपालिकाले व्यहोर्ने कूल खर्च रकमको ३० (तिस) प्रतिशत रकम भुक्तानी दिने र बाँकी रकम सडक वोर्डबाट निकासा पश्चात भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

नेपालगञ्ज उप-महानगरपालिकाबाट जारी भएका कक्षा ८ का मार्कसिटमा विवरण फरक पर्न गएको अवस्थामा जन्मदर्ता वा नेपाली नागरिकता बनेको भए सोको आधारमा सच्याउने निर्णय गरियो ।

**निर्णय नं. १७**

नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गत मृगौला क्यान्सर तथा मेरुदण्डको पक्षघात पिडितले नेपाल सरकारले जारी गरेको औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०७८ बमोजिम लाभग्राहिले २०८० असोज मसान्त सम्मको पाउने रकम संघीय सरकारबाट सोध भर्ना हुने गरी हाललाई विपत व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

सम्मानित उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासको पत्र संख्या २०८०/०८१, चलानी नं. ३३८२, मिति २०८०/०८/११ को पत्रानुसार उक्त कार्यालयको Meeting Hall संचालनका लागि आवश्यक कार्पेट, फर्निचर र एसी जडानका लागि अनुमानित रकम रु.१०,००,०००/- (दश लाख मात्र) सहयोगको लागि अनुरोध गरिएको हुँदा सो कार्यका लागि लागत अनुमान बमोजिम बढीमा रु.१०,००,०००/- (दश लाख मात्र) सहयोग गर्ने निर्णय गरियो ।

क्रमशः

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## मिति २०८०/०८/१४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. १९**

नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८०/०८१ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विशेष अनुदान) अनुसार स्वीकृत योजना तथा कार्यक्रम कसगर समुदायका व्यक्तिहरुको जिविकोपार्जनको लागि सवलिकरण कार्यक्रममा प्राप्त रकम रु.1,20,00000/- (एक करोड विस लाख) को कार्यक्रम स्वीकृतका लागि यस उप-महानगरपालिकाको आर्थिक विकास समितिको मिति २०८०/०८/१४ गतेको निर्णय समेत भएको हुँदा तपसिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

योजनाको बजेट विवरण

| सि.नं | विवरण | इकाइ | परिमाण | दर | जम्मा रकम | प्रथम वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | व्यक्तिगत घर निर्माणको लागि सहयोग | प्रति घर | ४५ | ४००००० | १८०००००० | ६०००००० | १५ घर १ वर्षमा |
| २ | घरहरुको पूनर्निर्माणको लागि आंशिक सहयोग | प्रति घर | ७० | १००००० | ७०००००० | १५००००० | 15 partial support |
| ३ | अनौपचारिक शिक्षा | प्रति वार्ड | ७ | १२५००० | ८७५००० | ० | |
| ४ | १५० जनालाई सिप अभिवृद्धि तालिम | प्रति व्यक्ति | १५० | २५००० | ३७५०००० | ० | |
| ५ | समुदायका युवा पुरुषहरुको लागि सिप अभिवृद्धि तालिम | प्रति व्यक्ति | ५० | २५००० | १२५०००० | ० | |
| ६ | जीविको पार्जनका गतिविधिहरुको लागि अनुदान सहयोग | प्रति परिवार | १५० | २०००० | ३०००००० | ० | |
| ७ | नयाँ प्रविधिले माटो सामग्री बनाउने | लगभग | १ | १०००००० | १०००००० | ० | |
| ८ | वित्तिय साक्षरता कार्यक्रम | प्रति वर्ष | ५ | २००००० | १०००००० | २००००० | |
| ९ | पशु आश्रय निर्माणका लागि सहयोग | प्रति सेल्टर | २ | २५०००० | ५००००० | २५०००० | 1 shelter |
| १० | परिवारमा व्यक्तिगत आश्रयको नविकरणको लागि आंशिक समर्थन | | ५० | ८०००० | ४०००००० | ११००००० | १५ सेल्टर |
| ११ | संक्रामक र जुनोटिक रोगहरुबारे सचेतना | प्रति वार्ड | ७ | ३०००० | २१०००० | १५०००० | |
| १२ | जैविक सूरक्षा र सरसफाईमा संवेदनशीलता | प्रति वार्ड | ७ | १००००० | ७००००० | २००००० | |
| १३ | ५ वर्ष मुनिका बालबालिकालाई पोषण सहयोग | प्रति वार्ड | ७ | १००००० | ७००००० | १००००० | |
| १४ | जनावरहरुको लागि खोप तथा शिविर कार्यक्रम सञ्चालन | प्रति वार्ड | ७ | ८५७१४ | ६००००० | १२०००० | |
| १५ | पिउँने पानीको श्रोत संरक्षण | लमसम | १ | ५०००००० | ५०००००० | ८००००० | |
| १६ | फोहोर व्यवस्थापन | प्रति वार्ड | ७ | १०००००० | ७०००००० | १३३०००० | |
| १७ | अनुगमन तथा मुल्याङ्कन | लमसम | १ | ७५०००० | ७५०००० | २५०००० | |
| जम्मा रकम | | | | | ५५३३५००० | १२०००००० | |

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## मिति २०८०/०८/१४ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. २०

नेपालगञ्ज उप-महानगरपालिकाको मर्मत संभार कोष संचालन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ०१ धम्बोझी चोकको पश्चिम तर्फ रहेको एस.एन.भी. नेपाल द्वारा निर्माण भई यस उप-महानगरपालिकामा हस्तान्तरण भएको स्वचालित शौचालय हाल सञ्चालनको अवस्थामा नरहेको र उक्त शौचालयका स्वचालित मेशिनहरु मर्मत गर्न नसकिने भएको हुँदा सो स्वचालित मेशिनहरु झिकी साधारण(म्यानुअल्ली) रुपमा संचालन हुने गरी मर्मत कार्य चालु आ.व. २०८०/०८१ मा बिनियोजन भएको नगरपालिकामा रहेका सार्वजनिक शौचालयहरुको निर्माण, मर्मत तथा स्तरोउन्नति कार्यक्रम शिर्षकबाट गर्ने निर्णय गरियो ।

ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका